
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ चैत २०८१,
बुधबार
26 March, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ५२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# कुलमानका कारण बिथोलिएको राजनीति

- सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसमा २ धार देखिँदा सरकारलाई असर पर्ने संकेत
- सरकारको निर्णय तत्काल फिर्ता लिन माओवादीको माग
- कसैको चमत्कारले नभई सरकारले वर्षौं लगाएर गरेका कामले बिजुली आएको प्रधानमन्त्रीको दाबी

> राजनीतिक दलहरू सत्ता र शक्तिमा मात्र केन्द्रित हुँदा यो अवस्था आएको हो । सत्तामा भएका वा सत्तामा जाने तयारीमा रहेका जोसुकै दलले पनि नागरिकका सवालमा काम गर्न सकेका छैनन्
>
> **पुरञ्जन आचार्य**
> राजनीतिक विश्लेषक



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

एउटा कर्मचारीलाई सरकारले आवश्यकता र औचित्यका आधारमा जिम्मेवारी दिने र हटाउने निर्णय गर्न सक्ने वैधानिक व्यवस्था छ । सोही व्यवस्थाअनुसार वर्तमान सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई जिम्मेवारीबाट हटाएको विषयलाई लिएर सबै दल र नेताहरू राजनीतिको रोटी सेक्न व्यस्त छन् ।

सोमबार मन्त्रिपरिषद्को बैठकले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई हटाएर प्रधानमन्त्री केपी शर्मा ओली निकट हितेन्द्रदेव शाक्यलाई कार्यकारी प्रमुख बनाउने निर्णय गरेको थियो । सोही विषयलाई लिएर सरकारको चर्को आलोचना भइरहेको छ ।

यसमा राजनीतीकरणले समेत राम्रो स्थान पाएको देखिन्छ । प्रतिपक्षी दलहरूले यो विषयलाई राजनीतिक मसला बनाउँदै गर्दा सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसमा समेत २ धार देखिएको छ । पार्टीका वरिष्ठ नेता डा. शेखर कोइराला, महामन्त्रीहरू गगन थापा, विश्वप्रकाश शर्मासहितका नेताहरूले सरकारको निर्णय गलत भएको टिप्पणी गरेका छन् । तर, संस्थापन पक्षले यो विषयमा मौन समर्थन गरेको छ ।

मंगलबार प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकमा कांग्रेसका सांसदले घिसिङबारे सरकारले गरेको निर्णयमा पुनर्विचार गर्न सरकारलाई आग्रह गरे । तर, कांग्रेस पार्टीले आधिकारिक रूपमा आफ्ना धारणा सार्वजनिक गरेको छैन ।

सार्वजनिक लेखा समितिका पूर्वसभापतिसमेत रहेका कांग्रेसका सांसद रामकृष्ण यादवले घिसिङको निर्णयमा पुनर्विचार गर्न पत्र पठाउने प्रस्ताव राखे । छलफलमा उनले भने, 'उहाँ (कुलमान घिसिङ)लाई नहटाउनुपर्ने थियो । अहिले चर्चा परिचर्चा भएको छ । अब लेखा समितिका तर्फबाट प्रधानमन्त्रीलाई पुनर्विचार गर्न पत्र पठाऔं ।'

सत्तरूढ दलभित्र देखिएको २ धारले सरकारलाई समेत असर पर्ने संकेत देखिएको छ ।

सोमबार मन्त्रिपरिषद्ले गरेको कार्यकारी निर्देशक घिसिङलाई हटाउने निर्णयका विरुद्धमा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) सबैभन्दा आक्रामक बनेको छ । घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक भएको उसले बताएको छ ।

माओवादी प्रवक्ता अग्नि सापकोटाले मंगलबार विज्ञप्ति नै जारी गर्दै बिचौलिया र दलालहरूको स्वार्थमा गरिएको यो पृष्ठ २ मा

## मन्त्रिपरिषद्को अधिकार खोस्ने मुख्य सचिवको प्रस्ताव

अर्यालको प्रस्तावमाथि संसदीय उपसमितिमा गम्भीर छलफल नभएको र यो प्रस्ताव अगाडि बढ्ने अवस्था नरहेको सांसदहरू बताउँछन्

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ चैत ।



नीति निर्माण तहमा राजनीतिक नेतृत्व रहे पनि कार्यसंचालनका हिसाबले स्थायी सरकारका रूपमा स्थापित निजामती कर्मचारीका कमान्डर मानिने मुख्य सचिवले मन्त्रिपरिषद्को अधिकार खोस्ने प्रस्ताव अघि सारेका छन् ।

संघीय निजामती सेवा विधेयकमाथि प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफल भइरहँदा मुख्य सचिव एकनारायण अर्यालले सचिव सरुवाको अधिकार मुख्य सचिवलाई दिनुपर्ने प्रस्ताव अघि सारेका हुन् ।

विधेयकमाथि सहमति जुटाउन भनेर राज्य व्यवस्था समितिले गत ९ फागुनमा उपसमिति बनाएको थियो । नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूको नेतृत्वमा गठित उपसमितिले मुख्य सचिव अर्यालसहितका अधिकारीहरूसँग विधेयकबारे छलफल गरेको हुन् । छलफलमा अर्यालले सचिव सरुवाको अधिकार मुख्य सचिवलाई दिनुपर्ने प्रस्ताव राखे पनि उक्त विषयलाई सांसदहरूले प्रथमिकता नदिएको सांसदहरूले बताएका छन् ।

सचिव सरुवाको अधिकार मुख्य सचिवलाई दिदा प्रधानमन्त्री र मन्त्रीले सचिव खोजेर हिँड्ने अवस्थाको अन्त्य हुने र सरकारको कामकारबाहीमा सकारात्मक प्रभाव पार्ने अर्यालको तर्क छ । यद्यपि, उनको यो प्रस्तावले मन्त्रिपरिषद्को अधिकार नै कटौती हुने संशय नेताहरूको छ । मुख्य सचिवलाई कर्मचारी खटाउने अधिकार दिइँदा कर्मचारी संयन्त्रमा असर पर्ने समितिका सदस्य एवं सांसद सर्वेन्द्रनाथ शुक्लाले टिप्पणी गरे ।

हाल सचिव सरुवाको निर्णय गर्ने अधिकार मन्त्रिपरिषद्लाई छ । सचिव सरुवाको अधिकार मन्त्रिपरिषद्बाट मुख्य सचिवमा सार्दा मुख्य सचिव थप जिम्मेवार हुने र कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप कम हुने कतिपय कर्मचारीहरूको भनाइ छ । मुख्य सचिवले खटाएको सचिवले काम गरेन भने मुख्य सचिवले नै कारबाही गर्न सक्ने र यसले कर्मचारी प्रशासनलाई थप बलियो बनाउने मुख्य सचिव अर्यालको तर्क छ ।

निजामती विधेयकका अन्य विषयहरूमा भने सहमति नजिक पुगिएको उपसमितिका सदस्यहरू बताउँछन् । बडू नेतृत्वको ११ सदस्यीय उपसमितिमा सांसदहरू अशोककुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारीमा मृत्यु दर वृद्धि
## साउदीमा ९ महिनामा १३६ कामदारको गयो ज्यान

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरेयिबा, १२ चैत ।

वैदेशिक रोजगारीबाट प्राप्त रेमिटयान्सले मुलुकको गरिबी घटाउन दिएको योगदानको तुलनामा नेपाली कामदारहरू अकालमा ज्यान गुमाउँदा समाज र परिवारका लागि त्यसको मूल्य चर्को देखिएको छ ।

वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेका नेपाली कामदारमध्ये विगत ९ महिनामा मात्र १३६ जनाले अकालमा ज्यान गुमाएका छन् । साउदीस्थित नेपाली दूतावासका अनुसार गत साउनदेखि १० चैतसम्मको अवधिमा विभिन्न कारणले मृत्यु भएकामध्ये १२१ जनाको शव नेपाल पठाइसकिएको छ भने बाँकी १५ शव पठाउने प्रक्रियामा छ ।

मृत्यु भएका नेपाली कामदारमध्ये कतिपयको मृत्युको कारण खुलाइँदैन भने कतिपयले कार्यस्थलमा हुने दुर्घटना, आत्महत्या, ट्राफिक दुर्घटना, पानीमा डुबेर, एस्फिक्सिया वा कालगतिको स्वाभाविक कारणले ज्यान गुमाउने गरेका छन् ।

९ महिनाको अवधिमा साउदी अरेबियामा ज्यान गुमाएकामध्ये प्राकृतिक कारणबाट मृत्यु हुनेको संख्या ७० छ भने कार्यस्थलको दुर्घटनामा १६, आत्महत्यामा १६, ट्राफिक दुर्घटनामा २१ र अन्य कारणले पनि नेपालीले ज्यान गुमाएका छन् ।

मृतक कामदारको शव नेपाल पठाउन कम्पनीअनुसार २ हप्तादेखि १ महिनासम्म लाग्ने र आत्महत्याको घटनामा ३ महिनासम्म लाग्न सक्ने दूतावासले जनाएको छ । नेपाली राजदूत डा. नरेशविक्रम पृष्ठ २ मा

### आइएमई ग्रुप र आईएक्सआई कर्पको संयुक्त टेक्निकल स्कुल

**काठमाडौं/रासस–** आइएमई ग्रुप र आईएक्सआई कर्पले संयुक्त रूपमा काठमाडौं टेक्निकल स्कुल (केटीएस) संचालनमा ल्याएका छन् । रोजगार बजारमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले उक्त स्कुल संचालन गरिएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले धुम्बाराहीमा मंगलबार आयोजित एक समारोहबीच सो स्कुलको शुभारम्भ गरे ।

सो अवसरमा मन्त्री भण्डारीले सीप, रोजगारी, उद्यमशीलता र पुँजीको संयोजनले मात्र बेरोजगारी तथा गरिबीको समस्या समाधान गर्न सकिने पृष्ठ २ मा

## शक्ति प्रदर्शन गर्दै गणतन्त्रवादी र राजतन्त्रवादी

प्रदर्शनस्थलहरूमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गर्ने तयारी छ । विशेषगरी सिंहदरबार, नारायणहिटी संग्रहालय र ठूला सरकारी भवनहरूको सुरक्षा बलियो पारिएको बताइएको छ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १२ चैत ।



२५ फागुनमा पोखराबाट काठमाडौं फर्किंदा पूर्वराजा ज्ञानेन्द्र शाहले पाएको स्वागतले तरंगित राजनीतिमा फेरि १५ चैतमा हुने भनिएको गणतन्त्रवादी र राजावादीको प्रदर्शनप्रति धेरैको चासो बढेको छ ।

२५ फागुनयता राजावादीहरूले राजतन्त्रको पक्षमा सडक संघर्ष गरिरहेका र राजा फर्काउने नारा लगाउन थालेपछि गणतन्त्रवादी दलहरू सतर्क भएका छन् ।

नेकपा (माओवादी केन्द्र)को अगुवाइमा समाजवादी मोर्चाले १५ चैतमा गणतन्त्रको पक्षमा सभा गर्दै छ भने सोही दिन राजावादी भनेर चिनिएका मेडिकल व्यवसायी दुर्गा प्रसाईं पनि मैदानमा उत्रँदै छन् । प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'को नेतृत्वमा पूर्वराजाका समर्थकले तीनकुनेमा प्रदर्शन गर्ने भएका छन् ।

गणतान्त्रिक व्यवस्थामाथि चुनौती थपिएको र विभिन्न शक्तिहरूको षडयन्त्रले व्यवस्थामाथि धावा बोलेको भन्दै समाजवादी मोर्चाले काठमाडौंमा गणतन्त्रको पक्षमा सभा गर्न लागेको हो ।

१५ चैतकै सभाका लागि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पार्टीको घोषित तराई-मधेश जागरण अभियान स्थगन गरेर सोमबार काठमाडौं फर्केका छन् ।

शनिबार समाजवादी मोर्चाले भृकुटीमण्डपमा सभा गर्दै छ भने प्रसाईंले तीनकुनेमा शक्ति देखाउने छन् ।

समाजवादी मोर्चासँगै सत्तासीन एमालेले पनि सडक संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ । एमाले सोमबारदेखि सडकमा उत्रिएको छ । तर, प्रमुख सतरूढ दल नेपाली पृष्ठ २ मा

### सुरक्षा संयन्त्र चुस्त

गणतन्त्र भर्सेस राजतन्त्रको संघर्ष जस्तो देखाएर शक्ति प्रदर्शन हुन थालेपछि सुरक्षा संयन्त्र अहिले सक्रिय भएको छ । एकीकृत सुरक्षा संयन्त्रले २ पक्षको प्रदर्शनलाई सूक्ष्म ढंगले अध्ययन गरिरहेको छ भने मुठभेडको अवस्था नआओस् भन्नेमा सजग बनेको छ । सुरक्षा समितिले शुक्रबार हुने २ वटा प्रदर्शनबारे छलफल गरेको छ । समाजवादी मोर्चा र प्रसाईंको नेतृत्वमा हुने प्रदर्शनमा देखिन सक्ने सुरक्षा चुनौतीबारे छलफल भएको एक उच्च अधिकृतले बताए ।

गृहमन्त्री रमेश लेखक उपस्थित बैठकमा पूर्वराजा समर्थकहरूको गतिविधिका विषयमा सूक्ष्म रूपले छलफल भएको थियो ।

बैठकमा सम्भावित भिडन्त रोक्न विशेष रणनीति बनाइएको छ । सुरक्षा निकायलाई सतर्क रहन गृहमन्त्री लेखकले निर्देशन दिएका छन् । यस्तै, प्रदर्शनस्थलहरूमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गर्ने तयारी छ । विशेषगरी सिंहदरबार, नारायणहिटी संग्रहालय र ठूला सरकारी भवनहरूको सुरक्षा बलियो पारिएको बताइएको छ ।

# ‘गुणस्तरीय शिक्षा समृद्धिको आधारशिला’

**काठमाडौं/मस-** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गुणस्तरीय शिक्षा राष्ट्र समृद्धिको आधारशिला भएको बताएकी छन् ।

दिगो विकासका लागि जीवन विकास पुरस्कार, २०८१ वितरण समारोहमा उनले मुलुकको आन्तरिक आवश्यकता पूरा गर्न तथा अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादनका लागि व्यवहारिक, प्राविधिक र नवप्रवर्द्धनात्मक शिक्षाको खाँचो औँल्याइन् ।

पूर्वराष्ट्रपति भण्डारीले मुलुकमा उपलब्ध प्राकृतिक स्रोतसाधनको दिगो उपयोग गर्दै स्वदेशी उत्पादन वृद्धि तथा रोजगारीका अवसर सिर्जना गर्दै देशको अर्थतन्त्रलाई सुदृढ बनाउनु अति




आवश्यक भएको धारणा राखिन् । ‘यसका लागि प्रभावकारी व्यवस्थापन, क्षमतावान दक्ष जनशक्तिको आवश्यकता छ । नवीन सोच, आधुनिक प्रविधिको प्रयोग र व्यावसायिक क्षमता भएका जनशक्तिले मात्र उत्पादन वृद्धि गर्दै दिगो आर्थिक विकासलाई सुनिश्चित गर्न सक्छ’, उनले भनिन् । पूर्वराष्ट्रपति भण्डारीले शिक्षा प्रणालीलाई समयानुकूल सुधार गर्दै स्रोत व्यवस्थापन र उद्यमशीलता प्रवर्द्धन गर्न शिक्षालाई उत्पादनसँग जोड्न सबै सरोकार भएकाको ध्यानाकर्षण गराइन् । उनले एक गैरसरकारी संस्थाले अन्तरराष्ट्रिय पुरस्कारबापत प्राप्त रकमबाट यस प्रकारको पुरस्कार स्थापना गरी दिगो विकास लक्ष्य हासिल गर्न गुणस्तरीय शिक्षा प्रवर्द्धनमा पुऱ्याएको योगदान सराहनीय रहेको बताइन् । पूर्वराष्ट्रपति भण्डारीले अगाडि भनिन्,‘नेपालले दिगो विकास लक्ष्यअन्तर्गत गुणस्तरीय शिक्षामा विशेष प्रतिबद्धता जाहेर गरेको छ ।

# कालीकोटमा बोलेरो जीप दुर्घटना, ८ जना घाइते

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १२ चैत

कालीकोटको नरहरिनाथ गाउँपालिका-३, डाडामाडु जाँदै गरेको बोलेरो जीप दुर्घटना भएकाृ छ । दुर्घटनामा ८ जना घाइते भएका छन् । कर्णाली प्रदेश ०२००२ च ०७०७ नम्बरको जीप मंगलबार साँझ नरहरिनाथ-३, कुमालगाउँस्थित इलाका प्रहरी कार्यालय कुमालगाउँ पछाडि दुर्घटना हुँदा झण्डै २० मिटर तल खसेको थियो ।

दुर्घटनामा चालकसहित ८ जना घाइते भएका छन् । कालीकोटका प्रहरी प्रमुख डीएसपी टेकबहादुर रावतका अनुसार दुर्घटनामा घाइते हुनेमा २० वर्षीय राजेन्द्र विष्ट, २ ९ वर्षीय अनिलकुमार बुढा, ४० वर्षीया आदेवी सहकारी, ३५ वर्षीया विष्णु विष्ट, ४० वर्षीय दानबहादुर सहकारी, २८ वर्षीय गणेश आचार्य, ३५ वर्षीय अम्मरबहादुर विष्ट, २४ वर्षीय चालक जगत वि.क रहेका छन् । घाइते सबैलाई उपचारका लागि स्थानीय अस्पतालमा लगिएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कुलमानका...

निर्णय कुशासनको पछिल्लो दृष्टान्त भएको दाबी गरे । ‘यो निर्णय इमान र निष्ठाका साथ काम गर्ने समस्त कुशल प्रशासकमाथिको मनोवैज्ञानिक त्रास सिर्जना गर्ने उद्देश्यले गरिएको छ’, माओवादीले भनेको छ, ‘यस प्रकारको अन्यायपूर्ण र अपमानजनक निर्णय तत्काल फिर्ता लिन हाम्रो पार्टी जोडदार माग गर्दछ ।’ प्रमुख प्रतिपक्षी माओवादी केन्द्र, विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका दलका सांसदले समेत घिसिङलाई सरकारले हटाएको बारे लेखा समितिको धारणाबारे प्रश्न गरेका थिए ।

समितिमा कुलमान हटाएपछि सरकारले उद्यमीहरूबाट विद्युत् बक्यौता रकम कसरी उठाउँछ ? भन्दै रास्वपा सांसद मनीष झाले प्रश्न गरेका छन् । झाले भने, ‘यसअघिको समितिको बैठकमा कोही कुलमानलाई हटाउनुपर्छ भन्नेमा हुनुहुन्थ्यो, कोही बक्यौता उठाउनुपर्छ भन्नेमा हुनुहुन्थ्यो । तर, आज एउटा पाटो त सकियो नि ! निकाली छाड्नुभयो । राम्रो मान्छेलाई देख्नै नसक्ने । हाम्रो मान्छे मात्र चाहिने । अब त्यो बक्यौता कसरी उठाइन्छ ?’

उता, प्रधानमन्त्री केपी शर्मा ओलीले भने सरकारले वर्षौं लगाएर आयोजना निर्माण गरेका कारण मुलुकबाट लोडसेडिङ अन्त्य भएको दाबी गरेका छन्। कसैका चमत्कारले नभई वर्षौं लगाएर गरिएका कामले बिजुली आएको उनले दाबी गरे ।

‘कुलमान घिसिङले बिजुली, चिम वा ट्रान्समिसन बोकेर आउनुभयो कि ?’, प्रश्न गर्दै उनले भने, ‘कुलमानका विषयमा माओवादी अध्यक्ष प्रचण्डले भ्रम छरेर हिँडेका छन् । कुनै एक व्यक्तिले मात्र अन्धकार हटाएको भन्ने भ्रममा नपर्न आग्रह छ । स-साना कुराहरूलाई समातेर हल्लाखल्ला गर्ने काम भएकाले यस्ता असत्य कुरामा नलाग्न अनुरोध छ ।’ कुनै सरकारी कर्मचारीका नाममा राजनीति गरेर राज्यका नीति निर्माताहरू अल्झिनु राष्ट्रहितमा नरहेको विश्लेषकहरू बताउँछन् । यद्यपि, सरकारका प्रधानमन्त्री र मन्त्रीहरूसमेत एउटा कर्मचारीको जिम्मेवारी खोस्ने विषयमा केन्द्रित भएर निरन्तर लाग्नु शोभनीय नदेखिएको उनिहरूको टिप्पणी छ ।

लेखा समितितिमा घिसिङको विषयसँग सम्बन्धित रहेर विगतमा समेत छलफल भएका उदाहरण छन्। कार्यकारी निर्देशक घिसिङलाई हटाउने निर्णयप्रति ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम)समेत असन्तुष्ट छन्। विभागीयमन्त्री दीपक खड्काको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले गलत निर्णय गरेको उनले बताए । ‘मैले विगतदेखि नै कुलमानलाई हटाउनु हुँदैन भन्दै आएको हो। सुनुवाइ भएन। तर, यो गलत छ’, उनले भने ।

कार्यकारी निर्देशक घिसिङलाई हटाएर नियुक्त गरिएका हितेन्द्रदेव शाक्य पनि बिवादरहित नभएका टिप्पणी भइरहेको छ। तर, कर्मचारीलाई सरकारले किन जिम्मेवारी दियो ? र किन हटायो ? भन्ने विषयमा गरिने राजनीतिक बहसले आमनागरिकको जीवनस्तरमा प्रभाव नपर्ने विश्लेषक पुरञ्जन आचार्यले बताए ।

‘राजनीतिक दलहरू सत्ता र शक्तिमा मात्र केन्द्रित हुँदा यो अवस्था आएको हो’, उनले भने, ‘सत्तामा भएका वा सत्तामा जाने तयारीमा रहेका जोसुकै दलले पनि नागरिकका सवालमा काम गर्न सकेका छैनन् । दलकै क्रियाकलापले व्यवस्थामाथि नागरिकको असन्तुष्टि बढिरहेको अवस्था छ। दलहरूले कुनै कर्मचारीलाई जिम्मेवारी दिएको र खोसेको विषयमा राजनीति गरिरहेको जस्तो देखिन्छ ।’ सरकारमा रहेका र आगामी सरकार बनाउने योजनामा रहेका दलसमेतले सचेत भएर नागरिकका मुद्दामा केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

यसैबीच सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको विषयले गण्डकी प्रदेशसभालाई पनि तताएको छ । कुलमानलाई हटाएको विषयमा कालो चस्मा लगाएर संसद्को रोस्ट्रममा उभिएर नेकपा (माओवादी केन्द्र) सांसदले विरोध गर्दा बैठकमै वादविवाद भएको छ ।

माओवादी सांसद हरि भण्डारी कुलमानलाई हटाउने सरकारको निर्णयको विरोधमा कालो चस्मा लगाएर रोस्ट्रममा उभिएर विद्युत विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक विषयमा भएको छलफलकै क्रममा सरकार बिचौलिया र स्वार्थ समूहको इशारामा चलेको आरोप लगाए ।

एमालेका प्रमुख सचेतक गोविन्द नेपालीले नियमापत्ति गर्दै ‘ प्रधानमन्त्रीको सालो’ भन्ने शब्द घोर आपत्तिजनक भएको र सो शब्द संसद्को रेकर्डबाट हटाउन माग गरे भने माओवादीकै सांसद तथा पूर्व भौतिक पूर्वाधारमन्त्री रेशमबहादुर जुग्जालीले पनि शून्य समयमा बोल्दै कुलमानलाई हटाइएकोप्रति आपत्ति जनाए । जुग्जालीले कुलमानलाई हटाएर सरकारले बहादुरीपूर्ण काम गरेको भन्दै व्यंग्य गरेका थिए ।

## मन्त्रिपरिषद्को...

तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लीलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे सदस्य छन् ।

उपसमितिलाई १ महिनाभित्र विधेयकको प्रतिवेदन समितिमा पेस गर्न समयावधि दिइएको छ । काम प्रारम्भ गरेको मितिले १ महिना भनिएको र उपसमितिले १२ फागुनदेखि काम प्रारम्भ गरेकाले शुक्रबारसम्मको समय रहेको राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले जानकारी दिए ।

अर्यालको प्रस्तावमाथि संसदीय उपसमितिमा गम्भीर छलफल नभएको र यो प्रस्ताव अगाडि बढ्ने अवस्था नरहेको सांसदहरू बताउँछन् । मुख्य सचिवको उक्त प्रस्ताव सरकार आफैंले चलाउने जस्तो भएको सांसदहरूले टिप्पणी गरे ।

## साउदीमा...

ढकालले मृत्युको घटनाप्रति दुःख व्यक्त गर्दै सावधानी अपनाउन आग्रह गरेका छन्। उनले बाँकी शवहरू पनि छिट्टै नेपाल पठाउन पहल भइरहेको बताए। पर्यटक दूत तथा एनआरएनए मध्यपूर्व संयोजक राजेन्द्र अर्यालले पनि यस्तो घटनाले दुःख लागेको बताउँदै सबैलाई सचेत रहन आग्रह गरेका छन् । दूतावासले मृतकका परिवारलाई कम्पनीबाट पाउनुपर्ने सेवा सुविधा र बीमा (गोसी) रकम उपलब्ध गराउन प्रक्रिया अगाडि बढाएको जनाएको छ । वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार आर्थिक वर्ष २०६५/०६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजारभन्दा धेरै नेपाली कामदारको अकालमा मृत्यु भएको छ ।

नेपाली कामदारको ठूलो संख्या खाडी मुलुक र मलेसियामा रहेको छ । जानकारहरूका अनुसार पोस्टमार्टमको अभावमा आधाभन्दा बढी कामदारको मृत्युको कारण स्पष्ट हुन सक्ने अवस्था छैन। रोजगारदाता मुलुकका अस्पतालले स्वाभाविक मृत्यु ’नेचुरल डेथ’ वा ‘हृदयघात’ जस्ता कारण उल्लेख गरेर मृत्युको वास्तविक कारण नखोजी शव नेपाल पठाउने गर्दा मृतकका परिवारलाई लामो समयसम्म प्रियजनको मृत्युको वास्तविक कारणबारे जानकारी नहुने पीडादायी अवस्था छ । मृत्युको वास्तविकता कारणको खोजीभन्दा सहजै शव बुझ्ने नेपालका कूटनीतिक नियोगहरूका कमजोरीले पनि कामदारको मृत्युको वास्तविक कारण खुल्न नसकेको कतिपयको टिप्पणी छ। कार्यस्थलमा शौचालयको पर्याप्त व्यवस्था नहुँदा कतिपय कामदार लामो समय पिसाब च्यापेर बस्ने र कतिपय कामदारले पर्याप्त पानी पिउन नपाउँदा कलिलो उमेरमा नै मिर्गौला गुमाउने अवस्थामा पुगेका छन् । चिसो हावापानीमा हुर्केका नेपाली अस्वाभाविक गर्मी ‘हिट स्ट्रेस’ले प्रजनन क्षमतामा पनि ह्रास आइरहेको नेपाली चिकित्सकहरू बताउँछन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिह भण्डारीले पछिल्ला वर्षमा मुख्य गरेर उच्च तापक्रमले निम्याउने ‘हिट स्ट्रेस’ले मुटु र मिर्गौलामा संक्रमण बढेको भन्दै यसमा स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था जिम्मेवार हुनुपर्ने र मेडिकल रिपोर्टको डिजिटलाइजेसनले स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने बताउँदै आएका छन् ।

उनले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा लापरबाही गर्नेलाई छुट नदिने चेतावनी दोहोऱ्याइरहेका छन् । सर्ने तथा नसर्ने रोगहरूको स्वरूपमा परिवर्तन भएको तर स्वास्थ्य परीक्षण र पूर्वप्रस्थान अभिमुखीकरण तालिम सोअनुसार हुन नसकेको कतिपयको टिप्पणी छ ।

श्रम मन्त्रालयले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएमा १० लाख रुपैयाँ क्षतिपूर्ति दिँदै आएको छ । मृतकका परिवारले पाउने क्षतिपूर्ति रकम वृद्धि सकारात्मक भए पनि पर्याप्त मात्रामा जनचेतनाका कार्यक्रम नहुँदा वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउँदा कामदारका बालबालिका तथा आश्रित परिवारले चुकाउनुपरेको मूल्य अत्यन्तै चर्को रहेको कतिपय अध्ययनले उजागर गरेका छन् ।

## आइएमई...

भएकाले सरकारले निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकतामा राखेको बताए ।

‘प्राविधिक जनशक्ति उत्पादन सरकारको प्राथमिकतामा छ । सीप विकास तथा प्राविधिक जनशक्ति उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न सरकार तयार छ’, मन्त्री भण्डारीले भने । स्वदेशमै रोजगारी, स्वरोजगारी र वैदेशिक रोजगारमा पनि सीप आवश्यक पर्ने भएकाले दक्ष जनशक्ति उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गरी सरकार अगाडि बढ्ने उनले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले सो स्कुल संचालनसँगै अब आइएमई ग्रुप प्राविधिक जनशक्ति उत्पादनका क्षेत्रमा अगाडि बढेको बताए। उनले सो स्कुलले हजारौं युवालाई रोजगार वा स्वरोजगार बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । ‘नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षामा नयाँ युगको सुरुआत गर्ने लक्ष्यका साथ स्कुल स्थापना गरिएको हो । यस स्कुलले विशेषगरी रोजगारी, शिक्षा, समाज र समग्र अर्थतन्त्रमा सकारात्मक योगदान दिने हाम्रो अपेक्षा छ’, उनले भने ।

काठमाडौं टेक्निकल स्कुलका अध्यक्ष मनोज पौडेलले आगामी १० वर्षमा १ लाखभन्दा बढी दक्ष जनशक्ति उत्पादन गर्ने सरकारको लक्ष्यमा स्कुलले सहयोग गर्ने बताए। उनले स्कुलले युवालाई विश्वस्तरीय तालिम तथा शिक्षा प्रदान गर्ने लक्ष्य राखेको उल्लेख गरे ।

केटीएसले आफ्ना विद्यार्थीलाई विश्वस्तरमै प्रतिस्पर्धा गर्न सक्षम बनाउन स्थानीय तथा राष्ट्रियस्तरका उद्योग व्यवसायका साथै अन्तर्राष्ट्रिय साझेदारसँग पनि सहकार्य गर्ने अध्यक्ष पौडेलको भनाइ थियो। त्यस अवसरमा सरकार, निजी क्षेत्र, विदेशी कूटनीतिक नियोग तथा दातृ निकायका प्रतिनिधि र सरोकारवालाको उपस्थिति थियो ।

स्कुलले हस्पिटालिटी, कुलनिरी आर्ट्स, केयर गिभिङ, बारिस्ता, बारटेन्डिङलगायत रोजगारमूलक तथा स्वरोजगारमूलक विधामा तालिम संचालन गर्ने छ । स्कुलले आगामी १ दशकमा १ लाखभन्दा बढी दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको जनाएको राससले उल्लेख गरेको छ ।

## शक्ति...

कांग्रेसले भने गणतन्त्रको पक्षमा सडक प्रदर्शनमा जाने कुनै पनि कार्यक्रम तय गरेको छैन ।

यद्यपि, आइतबार बसेको कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्धता जनाएको छ । पूर्वराजा शाहले प्रजातन्त्र दिवसको अवसरमा ७ फागुनमा दिएको भिडियो सन्देशपछि पक्ष र विपक्षमा बहस हुँदै गर्दा पछिल्ला दिनमा दलहरूबीच नै मुठभेड हुने अवस्था देखिएको हो । शाहले देश अप्ठ्यारो अवस्थामा रहेको भन्दै आफूहरूलाई साथ दिन जनतासँग अपिल गरेका थिए। रक्तपातविहीन दरबार छाडेका पूर्वराजा देशभित्र र देशबाहिर बेलाबेलामा निस्किने गर्दै आएका छन् ।

पूर्वराजाको सन्देशपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि सडक संघर्षको तयारीमा छ भने पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा जनआन्दोलन समिति पनि गठन भएको छ । तर, सुवेदी नेतृत्वको समितिले आन्दोलन तय भने गरेको छैन ।

राप्रपा प्रतिनिधिसभामा पाँचौं ठूलो दल हो । पार्टीले राजसंस्था र हिन्दु राष्ट्रको मुद्दा उठाउँदै आएको छ । तर, सबै पक्षलाई समेट्ने भनेर सुवेदीको नेतृत्वमा बनाइएको समितिमा बस्न अध्यक्ष लिङ्देनले अस्वीकार गरेका छन् । पार्टीले उनकै नेतृत्वमा आन्दोलन परिचालन समिति बनाएर सडकमा जाँदै छ। गणतन्त्रवादी र राजावादीको जुहारी प्रतिनिधिसभा र राष्ट्रियसभा बैठकमा समेत चलेको छ । गणतन्त्रवादीले राजतन्त्र पुनर्स्थापना नहुने दाबी गर्दा राजावादीहरूले यो व्यवस्थाबाट जनता आजित भइसकेकाले राजतन्त्र फर्काएरै छाड्ने दाबी गर्दै आएका छन् ।

गणतन्त्रवादी नेताहरूले यसरी राजतन्त्र फर्कन नसक्ने बताइरहँदा राजावादीहरूले राजतन्त्रका पक्षमा वकालत गर्दै आएका छन् ।

संसद्मा आमनेसामने भएका गणतन्त्रवादी र राजतन्त्रवादीबीच सडकमा मुठभेडको संकेत देखिएको छ । एकै दिन गणतन्त्र र राजतन्त्रको पक्षमा प्रदर्शन हुने भएपछि मुठभेडको अवस्था आउन सक्ने आँकलन गरिएको छ ।


# Lungri Rural Municipality
# Office of Rural Municipal Executive

**Badachaur, Rolpa**
**Lumbini Province**

## Invitation for bid for the Construction Of Pang Health Post Building

**Date of First Publication: 26-03-2025 10:00**

1. Lungri Rural Municipality, Rolpa invites electronic bids from Nepalese eligible bidders for the Construction Of Pang Health Post Building under National Competitive Bidding procedures. Eligible Bidders can obtain information and inspect Bidding Documents at the Office of Lungri Rural Municipality, Badachaur, Rolpa, or visit www.bolpatra.gov.np/egp.
2. Bidders submitting bids electronically can purchase a hard copy or download the bidding documents from www.bolpatra.gov.np/egp. They must deposit the specified document cost in the project's revenue account and upload the scanned bank voucher (PDF) during submission. Deposit details are as follows:

**Name of the Bank** : **Nepal Bank Ltd., Rolpa.**
**Name of the Office** : **Office Of Lungri Rural Municipality**
**Office Code No** : **80554506300**
**Office Account No** : **26603000003000000001 (For dharauti purpose)**
**Antarik Rajaswa Account No** : **26603000001001000001 (For document fee)**

3. Pre-bid meeting shall not be held. Bids must be submitted to Lungri Rural Municipality, Badachaur, Rolpa, by hand, courier, or via www.bolpatra.gov.np/egp by 25-04-2025 12:00. Late bids will be rejected.
4. Bids will be opened on 25-04-2025 at 13:00 at Lungri Rural Municipality, Badachaur, Rolpa, in the presence of attending bidders' representatives who choose to attend.

| SN | Contract ID | Project Name | Estimated Amount (with VAT) NRs. | Bid Security Rs. | Bid Fee Rs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LRM/ROL/W/NCB/12/2081/082 | Construction Of Pang Health Post Building. | 88,14,408.40 / - (Eighty eight lakhs forteen thousands and four hundreds eight rupees and forty paisa) | 2,30,000/- (Two lakhs thirty thousands rupees) | 3000 (non-refundable) | |

**Chief Administrative Officer**

# ‘अत्याधुनिक प्रविधिको प्रयोगबाट टिकाउ संरचना निर्माणमा ध्यान दिनुपर्छ’

**ललितपुर/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले अत्याधुनिक प्रविधिको प्रयोगबाट टिकाउ संरचना निर्माणमा ध्यान दिनुपर्ने बताएका छन् । प्रगतिशील इन्जिनियर्स एसोसियसन नेपाल (पिन)को ललितपुरको कुपण्डोलमा आयोजित १० औं महाधिवेशनमा आफ्नो मन्तव्य राख्दै प्रधानमन्त्री ओलीले मजवुत संरचना निर्माणमा इन्जिनियरहरुको ध्यान जानुपर्नेमा जोड दिए ।




‘हाम्रो देशमा पहाडी संरचना भएकाले पहिरो जाने समस्या छ, इन्जिनियरले यो परिवेशलाई बुझेर भौगर्विक अवस्थाको मुल्याङ्कन गरी सुरक्षित संरचना निर्माणमा ध्यान दिनुपर्छ, खतरायुक्त स्थानमा संरचना बनाउनु हुँदैन, कानुनी कुरामा भएका समस्या सुधार गर्न सुझाव दिनुहोला, सरकारले त्यसमा ध्यान दिनेछ’ उनले भने ।

प्रधानमन्त्री ओलीले समृद्ध नेपाल, सुखी नेपालीको सपना साकार पार्न लागिपरेको उल्लेख गर्दै मुलुकमा प्रतिपक्षको भूमिका रचनात्मक र सकरात्मक हुनुपर्ने बताए । विसं २०४६ पछि देशमा विकासको गति तीव्ररुपमा अगाडि बढेको र आफू प्रधानमन्त्री हुँदा भूकम्पले देश थिल्थिलिएको अवस्थामा ‘बिल्ड वेटर’को नारा दिएर पुनःनिर्माणमा जुटेको बताए ।

‘पूर्वाधारको विकास विना विकास सम्भव छैन, पूर्वाधारको विकासले बजारको सृजना गर्छ, उद्यमशीलता प्रवर्द्धन गर्छ, बलियो पूर्वाधार निर्माण गर्न इन्जिनियरहरुको योगदानका लागि धन्यवाद छ, त्यसको प्रशंसा गर्न चाहन्छु,’ प्रधानमन्त्री ओलीले भने । ‘विमानस्थल बनिरहेका छन्, पुल र ट्रान्समिसन लाइनहरु बनिरहेका छन्, केही पनि भएन देश खत्तम भयो भन्ने हल्ला निराधार छ,’ उनले भने ।

नयाँ शिक्षा प्रणालीले नेपालको शिक्षालाई रोजगारविहीन बनाएको प्रधानमन्त्री ओलीको भनाइ थियो । ‘बेरोजगार उत्पादन गर्ने शिक्षाका कारण युवा बाहिर जान थाले, आफैले बनाए चिया पनि खान नसक्ने, नेपालभित्र पाएको अवसरमा पनि काम नै गर्न नसकेको पाइयो,’ उनले भने ।

नेपाली विद्यार्थी विदेश गएर अध्ययन गरेको कुराप्रति चिन्ता लिनुभन्दा पनि नेपालमा उन्नत र उद्यमशीलता प्रवर्द्धन गर्ने शिक्षा दिने प्रणालीलाई खुलापनका साथ अवसरको सृजना गर्ने वातावरण दिनुपर्नेमा प्रधानमन्त्री ओलीले जोड दिए । उनले उद्यम गर्नेलाई धरौटी लिएर हैन, योजनालाई विश्वास गरेर ऋण दिएर काम गर्ने अवसर सृजना गर्न सक्नुपर्ने उल्लेख गर्दै १५ वर्षसम्म ऋण तिर्ने वातावरण बनाउनुपर्छ । ‘व्यवसाय गरेर ऋण तीर्नसक्ने वातावरण नभएपछि व्यक्ति निराश हुन्छ, यो हुनुहुँदैन,’ उनले भने ।

प्रगतिशील इन्जिनियर्स एसोसियसनका अध्यक्ष ई डा सुरज लामिछानेले २०४७ सालमा ‘इन्जिनियरिङ स्टडी ग्रुप’मा स्थापित भएको सङ्गठन एमाले पार्टीको जनवर्गीय सङ्गठनको रूपमा क्रियाशील रहेको बताए । उनले प्राविधिक रूपमा पार्टीलाई सहयोग गर्ने र प्राविधिकमैत्री नीति निर्माणका लागि सहयोग गर्ने एसोसियसनको नीति रहेको बताए ।

# प्रा.डा. अग्रवालको संयोजकत्वमा सुझाव समिति गठन

**काठमाडौं/मस–** मानिसको मांसपेशी कमजोर बनाउने जटिल रोग ‘मस्कुलर डिष्ट्रोफी’को पहिचान, उपचार, रोकथाम एवं पुनःस्थापनाका लागि दीर्घकालिन नीति तथा कार्ययोजना तयार पार्न वरिष्ठ कन्सल्ट्यान्ट तथा न्युरोलोजिष्ट प्रा डा जगदीशप्रसाद अग्रवाल संयोजकत्वको सुझाव समिति गठन गरिएको छ । यो रोगका बिरामीको सङ्ख्या बढेको भन्दै त्यसको पहिचान तथा रोकथामका लागि स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको पहलमा समिति गठन गरिएको हो । समितिको सदस्यमा त्रिवि शिक्षण अस्पतालका प्रा.डा. रोहितकुमार पोखरेल, ‘मस्कुलर डिस्ट्रोफी फाउण्डेसन नेपाल’का अनिलकुमार उपाध्याय, त्रिवि शिक्षण अस्पतालकी प्रा डा मिता शाह राना तथा मन्त्रालयका नीति योजना महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेल रहेका छन् ।



यसैगरी, नेपाल पेडियाट्रिक्स सोसाइटीका प्रतिनिधि तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाकी निष्ठा श्रेष्ठ समितिको सदस्य र सदस्य सचिवमा मन्त्रालयका डा पुष्पराज पौडेल रहेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार मांसपेशी कमजोर बनाउँदै हिँडडुल गर्न समस्या पार्ने आनुवंशिक रोगका बिरामी बढिरहेका छन् । रोकथाम तथा बिरामी र परिवारलाई पुनःस्थापना आवश्यक पर्ने भएकाले यसका लागि आवश्यक नीति तथा कार्यक्रम तयार पार्न समितिलाई जिम्मेवारी प्रदान गरिएको प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए । नेपालमा हाल यसबाट ८०० जना प्रभावित भएको तथ्याङ्क छ । आनुवांशिक बाहेक अन्यमा समेत देखापर्ने जटिल प्रकृतिको रोगको गर्भावस्थामा हुने आनुवांशिक परीक्षणमार्फत ९५ प्रतिशत बिरामी पत्ता लगाउन सकिने विज्ञहरुको भनाइ छ । यो रोग भएका बालबालिका तथा अन्यलाई अतिरिक्त सेवा, विशेष सहयोग र मनोवैज्ञानिक सघनताको आवश्यकता पर्दछ। समितिलाई रोग रोकथाम, परिवार र स्वास्थ्यकर्मीलाई जानकारी दिन सचेतनामूलक कार्यक्रम तयार पार्ने तथा सामाजिक पुनःस्थापना र आत्मनिर्भरताका लागि कार्यक्रम तयार पार्ने योजना मन्त्रालयलाई बुझाउने कार्यादेश दिइएको छ ।

# स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा थापा



**काठमाडौं/मस–** स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा चन्द्रबहादुर थापा क्षेत्री नियुक्त भएका छन् । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मंगलबार मन्त्रालयमा नवनियुक्त अध्यक्ष थापालाई पद तथा गोपनीयताको सपथ ग्रहण गराए ।

प्यूठान निवासी थापा यसअघि तीन वर्ष बोर्ड सदस्यका रुपमा रहेका थिए । नवनियुक्त अध्यक्ष थापाले स्वास्थ्य बीमा सुधार गर्न स्वास्थ्य बीमा नीतिको समीक्षा र सुधार गरी सबै नागरिकलाई समेट्ने योजना रहेको बताए । उनले बीमाको दाबी भुक्तानी प्रक्रियालाई छिटो र पारदर्शी बनाउने तथा बीमा कोषको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, स्वास्थ्य बीमा बोर्डको स्थायी संगठन संरचना स्वीकृतिका लागि पहल गर्ने, स्वास्थ्य बीमाको महत्वबारे जनचेतना अभियान चलाउने तथा सरकार, निजी क्षेत्र र अन्तरराष्ट्रिय संस्थासँग सहकार्य गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाए ।

## तनहुँमा सवारी दुर्घटना
# ९ महिनामा ४८ जनाको मृत्यु



**तनहुँ/मस–** सवारी दुर्घटनामा परी तनहुँमा नौ महिनामा ४८ जनाको मृत्यु भएको छ । चालू आर्थिक वर्षको फागुनसम्ममा भएका ४४ वटा सवारी दुर्घटनामा ४८ जनाले ज्यान गुमाएका हुन् । ती दुर्घटनामा ८१ जना घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख कृष्णबहादुर चन्दका अनुसार ती दुर्घटनामा २४ पुरुष, २० महिला र चार बालबालिकाको मृत्यु भएको हो। चालू आवको साउनमा मृत्यु नभएको, भदौमा २९, असोजमा चार, कात्तिकमा दुई, मंसिरमा एक, पुसमा दुई, माघमा आठ, फागुनमा एक र चैत १० गतेभित्र थप एकजनाको मृत्यु भएको छ । सोही अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने २४ हजार ६४१ सवारीबाट दई करोड तीन लाख ४० हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयले नियम उल्लंघन गर्ने ट्रक, टिपर, बस, जिप, मोटरसाइकल, स्कुटरलगायत सवारीलाई कारबाही गरी उक्त रकम असुलेको हो ।

तीव्रगतिमा सवारी चलाउनेलाई राडरगनका माध्यमबाट समयसमयमा अनुगमन गरी कारबाही पनि हुँदै आएको उनले जानकारी दिए। मुग्लिन-पोखरा सडक विस्तार भइरहेकाले दुर्घटना जोखिम घटाउन सुरक्षाकर्मीले हरसम्भव प्रयास गरेको उनले बताए ।

# बागमतीका ७५ सहकारीमाथि अनुसन्धान

**हेटौँडा/मस–** बागमती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रदेशमा ७५ वटा सहकारीहरुमाथि अनुसन्धान भइरहेको जनाएको छ। मन्त्रालयका अनुसार उजुरी परेको सहकारीहरुलाई प्रहरी छानबिनमा पठाइएको हो । बागमती प्रदेशका सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठले जिम्मेवारी सम्हालेपछि ११ वटा उजुरी परेको जसमध्ये तीन वटा समस्याग्रस्त घोषणा गरिएको र बाँकीमा पनि प्रहरी छानबिन भइरहेको जानकारी दिए । उनले आफ्नो सय दिनको उपलब्धिका रूपमा तीन सहकारीलाई समस्याग्रस्त घोषणालाई लिइएको जनाए । उनले गत पुस २८ गते निर्णय गर्दै नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं र सुमेरु सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड ललितपुरलाई समस्याग्रस्त घोषणा गरेको जानकारी दिए ।




यसअघि दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं र सिभिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं समस्याग्रस्त घोषणा भई व्यवस्थापनको काम भइरहेको उनको भनाइ छ । उनका अनुसार निरन्तर छलफल गरिरहेको र समस्या देखिएका सहकारीबाट बचतकर्ताको बचत फिर्ता, व्यवस्थापनलगायत विषयमा ठोस कार्ययोजना निर्माण गरी पेस गर्न निर्देशन गरिएको छ । मन्त्री श्रेष्ठले मन्त्रालयका लागि भवन तथा पूर्वाधार व्यवस्थापन, सहकारी अभिलेख तथा कागजहरूको व्यवस्थापन, डिजिटाइजेसनको कार्य प्रारम्भ गरिएको बताउँदै नियमित रूपमा सहकारी संस्थाको सुपरिवेक्षण तथा नियमनसहित सहकारी बचतपीडितको रकम फिर्ता गराउन पहल गरिएको बताए ।

# ३ महिनापछि भोजपुरमा उडान सुरु

**भोजपुर/मस–** बन्द भएको तीन महिनापछि भोजपुर नगरपालिका-१२ टक्सारस्थित विमानस्थलमा उडान सुरु भएको छ । गत पुसबाट बन्द विमानस्थलमा नेपाल वायुसेवा निगमको जहाजले आजदेखि उडान सुरु गरेको नेपाल वायुसेवा निगम भोजपुरका स्टेशन प्रमुख प्रकाश खड्काले जानकारी दिए । उनका अनुसार भोजपुरमा अब नयाँ तालिका अनुसार उडान हुनेछ ।



वि.सं २०३५ देखि उडान सुरु भएको यहाँ नेपाल वायुसेवा निगमको जहाजले मात्र सेवा दिँदै आइरहेको छ । पाँच सय ४५ मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग भएको विमानस्थलमा अन्य जहाजले उडान भर्दैनन् । उडान बन्द हुँदा जिल्ला अस्पतालबाट काठमाडौं रेफर गरिएका बिरामी र यात्रुहरु मारमा परेका थिए । निगमका दुई वटा साना विमानमध्ये एउटा मर्मत भइरहेको र मर्मत सकिएपछि उडानमा सहज हुने निगमले जनाएको छ ।

# जलविद्युत् आयोजनाको ‘मकिङ’ खोलामा फाल्दा बाढीको जोखिम

**म्याग्दी/मस–** मालिका गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको दरवाङ-म्याग्दीखोला जलविद्युत् आयोजनाको सुरुङबाट निस्किएको ‘मकिङ’ सिधै म्याग्दी नदीमा फाल्दा जलचर संकटमा पर्नुका साथै तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढेको छ। धवलागिरि कालिका हाइड्रो लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको मालिका गाउँपालिका-६ कमेरेस्थित अडित नम्बर २ मा विस्फोटक पदार्थ प्रयोग गरेर सुरुङ खन्दा निस्किएको ढुङ्गा, माटो नीतिगत व्यवस्थाविपरीत धार नै परिवर्तन हुने गरेर म्याग्दी नदी र किनारमा फालेको हो ।खोलामा मकिङ फाल्न थालेपछि म्याग्दी नदीमा माछालगायत जलचर पाइन छाडेको र बर्खायाममा बाढीको आयतन बढेर दरवाङ, बाबियाचौर, तातोपानी, सिङ्गा र बेनीमा कटानको जोखिम सृजना गरेको स्थानीयले गुनासो गरेका छन् ।

विस्फोटक पदार्थ मिसिएको ढुङ्गा माटोमा हुने रासायनिक पदार्थ जलचरका लागि प्रतिकूल हुने भएकाले नदीभन्दा बाहिर छुट्टै जग्गामा थुपार्नुपर्ने कानुनी व्यवस्था छ ।डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले खोलामा फालेको र किनारमा थुपारेको मकिङ अन्यत्र व्यवस्थापन गर्न निर्देशन दिएको बताए । ‘जलविद्युत् आयोजनाको मकिङ जथाभावी फाल्दा वातावरणमा असर पर्छ, फोहर हटाउन निर्देशन दिएको छु’, उनले भने । दरवाङ म्याग्दीखोलाको सुरुङबाट निस्किएको मकिङ गोज्जा, कमेरे, दरवाङ र ढाँडखर्कको पाखो, नदी किनार र सिधै खोलामा फाल्ने गरेको छ ।

# दैनिक २०० लिटर दूध बेच्ने किसान पुरस्कृत

**तनहुँ/मस–** व्यास नगरपालिका- १३ बेलबासका लेखनाथ बाँस्तोला धेरै दुध उत्पादन गरेबापत पुरस्कृत भएका छन् । उनले प्रोत्साहनस्वरूप एक लाख ५० हजार पुरस्कार प्राप्त गरेका हुन्। गण्डकी प्रदेशको ‘उत्पादनमा आधारित अनुदान कार्यक्रम’अन्तर्गत पुरस्कार प्राप्त गरेपछि उनले गौरवान्वित महसुस गरेको प्रतिक्रिया दिए ।



पाँच वर्ष अघिदेखि कृषि पेसामा लागेका बाँस्तोलाले यातायात व्यवसाय छाडेर व्यावसायिक रूपमा गाईपालन तथा बाख्रापालन गरेका छन्। उनले कोभिड- १९ का वेला लामो समयसम्म बन्दाबन्दी (लकडाउन) भएपछि गाउँ फर्किएर पशुपालन सुरु गरेका थिए ।उनका फार्ममा हाल उन्नत प्रजातिका २२ वटा जर्सी तथा होलस्टेन जातका गाई छन् । जसमध्ये १५ लैना गाईबाट दैनिक दुई सय लिटर दुध उत्पादन गरी मासिक चार लाखको दुध बिक्री गर्ने गरेको बाँस्तोलाले बताए। गाउँकै बेलबास दुग्ध उत्पादक सहकारीमा दुध बिक्री गरेर खर्च कटाएर मासिक दुई लाख बचत हुने गरेको उनले बताए। बाँस्तोलाले भने, ‘उत्पादनमा आधारित अनुदानअन्तर्गत पुरस्कार पाएपछि पेसाप्रति गौरव महसुस भएको छ।’यातायात व्यवसायभन्दा गाईपालनबाट सन्तुष्टि मिलेको बाँस्तोलाको भनाइ छ । बेलबास दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष केशवबहादुर रानाले उनी गाउँमा सबैभन्दा धेरै दुध उत्पादन गर्ने किसान भएको बताए ।गाईको साथै बाँस्तोलाले बाख्रापालनबाट पनि आम्दानी गर्दै आएका छन् । उनले ५० वटा बोयर बाख्रा पालेका छन् । गाई र बाख्रा दुवै थप गरेर हालको आम्दानीलाई दोब्बर पार्ने सोच बनाएको बाँस्तोलाले बताए ।सरकारलाई अनुदान दिने प्रक्रिया बदल्नु जरुरी रहेको किसान बाँस्तोलाको सुझाव छ । व्यवसाय गरेको कागज बनाउने, अनुदान लिने र अनुदान पाएपछि पेसा छाड्ने गरेकाले अनुदानको दुरुपयोग भएको बाँस्तोलाको गुनासो छ ।

# हत्या आरोपमा २ जना पक्राउ

**भक्तपुर/मस–** भक्तपुर मध्यपुर थिमी नगरपालिका-६ बस्ने ३२ वर्षीय लक्ष्मण खड्काको कुटपिट गरी हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सर्लाही लालबन्दी नगरपालिका-९ घर भएका ३९ वर्षीय यादब पौडेल र सिन्धुली तीनपाटन गाउँपालिका-३ चकमके घर भएका २४ वर्षीय अनिश तामाङ रहेका छन् ।

मध्यपुर थिमी नगरपालिका-२ सानोठिमी मगरगाउँ जाने सडकको छेउमा गत फागुन २७ गते बिहान अचेत अवस्थामा फेला परेका लक्ष्मणको राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंमा थप उपचारको क्रममा मृत्यु भएको घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत भक्तपुरबाट ५ दिन म्याद थप अनुमति लिइ यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO : 5 (Male/Female) — Salary: Negotiable

**Requirements:**
Minimum 2/3 Years of Experienced in Manpower fields.
Minimum +2 Passed.

Please send your CV: goldenint111@gmail.com

Golden Achievers International Pvt. Ltd.
Basundhara Chauki, Kathmandu Contact.: 01-5914478,01-5919381

## युएईमा रोजगार

कम्पनी: RELIABLE EMPLOYMENT SERVICES — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८१/०६/११ — चलानी नं.: ६०२२५९२९ — L.T. No.: 311467 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electrician | 11 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 3. | Marble/tile/plaster Mason | 3 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 4. | Scaffolder | 11 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 5. | Steel Fixer/rod Binder | 9 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २० गते (2 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गोल्डेन इगल मेनपावर प्रा. लि.
बिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
श्रम ईजाजत नं.: ३९१/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : Different Direction Transport Establishment — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४९०८ — LT. No.:320777

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCKS DRIVER | 2 | 0 | स. काममा दक्ष | 1800 | ६५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २० गते (2 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Believable Overseas Pvt.ltd.
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501
ईजाजत नं. १२८३/०७४/०७५

## साउदी र कतारमा रोजगार

कम्पनी: RIYADA EXCELLENCE COMPANY LTD — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/११ — चलानी नं.: ६०२३५०७७ — LT. No.: 320968

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PIPELINE SUPPLIES & SERVICES CO W.L.L — शहर: Qatar,Doha
पूर्व स्वीकृत मिति: २०८१/१२/११ — चलानी नं.: ६०२३५०७८ — LT. No.: 320945

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic... | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 5 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत २० गते (2 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Triveni Hr Solution Pvt. Ltd.
Samakhusi Ranibari Kathmandu, Tel.: 014974618, 014974619, 9851154618, 9768403910, 9849991143, 9843752336, Email: triveni.overseas341@gmail.com, info@trivenihr.com
Govt. Lic. No. 1174/073/074

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ चैत २०८१ बुधबार
26 March 2025, Wednesday

## सम्पादकीय

# सरकारको कदममा प्रश्न

उज्यालो अर्थात् बत्ती । बिजुली बत्ती । अहिले केही समययता हामीकहाँ यही उज्यालो अर्थात् बिजुली बत्तीलाई लिएर जस/अपजसको लडाइँ चलेको छ । केही वर्षअघिसम्म नेपालमा लोडसेडिङ ठूलै समस्याका रूपमा थियो । सर्वसाधारणदेखि उद्योग/व्यवसायीसम्मलाई ठूलै असर गरेको थियो लोडसेडिङले । त्यहीबेला कुलमान घिसिङ नाम गरेका एक जनालाई सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गऱ्यो । उनको नियुक्तिपछि संयोग होस् वा स्वाभाविक, लोडसेडिङबाट धेरै हदसम्म नेपालीले मुक्ति पाए । यसो भन्दा अतिशयोक्ति पक्कै हुँदैन ।

यसबीचमा उनलाई हटाएर अर्को व्यक्ति ल्याउने प्रयत्न भइरहेकै थियो । विशेषगरी विभागीय मन्त्रीका आँखामा घिसिङ तारो बनिरहेका थिए । मन्त्रिपरिषद् र मन्त्रीले अनेक आरोपसहित ४ पटक स्पष्टीकरण सोधिसकेका थिए । मन्त्रिपरिषद् बैठकले कुलमानमाथि ४ बुँदे आरोप लगाउँदै ३ दिनभित्र सफाइ पेस गर्न भनेको थियो । मूल्य बढाएर भारतसँग विद्युत् खरिद सम्झौता गरेको, कार्यसम्पादन मूल्यांकनका लागि समयमा विवरण नबुझाएको, त्यसमा शून्य अंक पाएको र प्राधिकरणको नाफा 'फेक' देखाएर प्रचार गरेकोलगायतका आरोप कुलमानमाथि लगाइएको थियो । सरकारले सोधेको स्पष्टीकरणका विषयमा कुलमानले ७ वटा बुँदामा जबाफ दिएका थिए । घिसिङ अविचलित अडानमा थिए । पटकपटकको प्रयास र प्रहारपछि सोमबार मन्त्रिपरिषद् बैठकबाटै घिसिङलाई कार्यकारी निर्देशकबाट हटाइएको छ । सरकारका प्रश्नमा घिसिङले आफूले इमान्दारीपूर्वक जिम्मेवारी पूरा गरिरहेको पटकपटक दाबी गरे ।

अन्ततः घिसिङमाथि 'सरकार लागिछाड्यो' अर्थात् उनलाई पदबाट हटाइछाड्यो । देशमा यस्ता घटना बारबार दोहोरिने गरेका छन् । कुनै एक कर्मचारीका विरूद्ध विभागीय मन्त्रीको असन्तुष्टिले द्वन्द्वको रूप लिने गरेका यसअघि पनि केही घटना छन् । एउटा प्रधानसेनापति हटाउन प्रधानमन्त्रीको प्रयासले उल्टै प्रधानमन्त्रीकै पद खुस्किएका घटना पनि छन् हामीकहाँ । अमूक कर्मचारीमाथि सरकारी तवरबाट वा मन्त्रीका स्तरबाट हुने यस्ता आग्रह/पूर्वाग्रहले अन्ततः राज्यलाई नै हानि नोक्सानी गर्ने त होइन ? गम्भीर हुनु जरूरी छ । सवाल कर्मचारी–मन्त्री विवाद र असन्तुष्टिको मात्र होइन, लोडसेडिङको मारमा परिरहेको देशमा पुनः थप मार र भार त पर्ने होइन ? यतातिर पनि सोचिनुपर्छ ।

# जलवायु परिवर्तनले बढाएको चुनौती

*अहिलेको विश्व विभिन्न ध्रुवमा बाँडिएको छ । प्रत्येक शक्तिको स्वार्थ बेग्लाबेग्लै छ । विशेषगरी केही विकसित देशहरु जसरी पनि विकासको उचाइमा पुग्ने ध्याउन्नमा छन् । विकासका नाममा उनीहरु अन्धाधुन्ध लागिरहेका छन्, जसको प्रभाव अविकसित र कमजोर मुलुकहरुमा परिरहेको छ...*

अग्रलेख



● खिमराज गिरी

वास्तवमा जलावायु परिवर्तनले हाम्रो पृथ्वीको मौसममा हुने अनियमित परिवर्तनलाई जनाउँछ । जलवायु परिवर्तन बढी मात्रामा मानवको क्रियाकलापबाट हुने गर्छ । खासगरी मानवजन्य गतिविधिहरूका कारणले जलवायु परिवर्तन हुने गर्छ ।

जलवायु परिवर्तन अहिलेको युगमा नेपालमा मात्र नभएर विश्व परिवेशमा नै ठूलो समस्याको रूपमा देखिन थालेको छ । यसलाई २ तरिकाबाट लिन सकिन्छ : प्राकृतिक कारण (ज्वालामुखी विस्फोटन, पृथ्वीको कक्ष र अक्षमा हुने परिवर्तन र प्राकृतिक ग्यासहरूको उत्थखनन) र अर्को मानवीय कारण (पृथ्वीको भित्री सतहबाट अनियन्त्रित रूपमा खानीको प्रयोग, जंगल फँडानी, विभिन्न उद्योगहरूबाट अनियन्त्रित रूपमा निस्किएको कार्बनडाइअक्साइड ग्यासको उत्सर्जन र कृषि क्षेत्रबाट आउने मिथेन ग्यासको प्रभाव) । यस्ता कारणहरू जलवायु परिवर्तनका कारक तत्वहरू हुन् ।

अझ पहिला १८औं तथा १९औं शताब्दीको औद्योगिक क्रान्तिका कारण मानिसको भीड विस्तारै शहरतिर बढ्न थाल्यो । औद्योगिक चहलपहल तथा मानवीय गतिविधिका कारण वायुमण्डलीय ग्यासहरूको सन्तुलन बिग्रिँदै गएका कारण पनि जलवायु परिवर्तनका रूप रेखाहरू देखापर्न थालेका छन् ।

यसका कारण विश्वभर तापक्रम बढ्ने क्रम जारी छ र अचम्मको कुरा त असामान्य मौसमी घटनाहरू देखापर्न थालेका छन् । नेपाल जस्तो अविकसित देशमा यसको असर झन् गम्भीर रूपमा देखिएको छ ।

